# लो-घेकर दामोदरकुण्ड गाउँपालिका

## आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम

श्रीमान् अध्यक्षज्यू,

सदस्यज्यूहरु,

विश्वव्यापी रुपमा फैलिएको कोभिड - १९ महामारीले स्वास्थ्य, शिक्षा, पर्यटन, उत्पादन, वितरण तथा सेवा लगायतमा सामाजिक क्षेत्रमा प्रत्यक्ष असर पारी कठिन परिस्थिति सिर्जना भएको अवस्थामा लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

कोभिड - १९ महामारी पूर्व तयारी तथा व्यवस्थापनमा काम गर्ने स्वास्थ्यकर्मी, कर्मचारी, सुरक्षाकर्मी तथा स्वयंसेवकहरुमा उच्च सम्मान व्यक्त गर्दछु । हालसम्म गाउँपालिका क्षेत्रमा कोभिड - १९ सङ्ग सम्बन्धित विरामी देखा नपरेको जानकारी गराउँदै स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड अपनाई सावधानी अपनाउनु भएका सम्पूर्णप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै, यस महामारीबाट बच्नु र बचाउनु सबैको दायित्व भएकोले सबैलाई सुरक्षित रहन अनुरोध गर्दछु ।

नेपालको संविधानले आत्मसात गरेका शक्तिपृथकीकरणको सिद्धान्त, मौलिक अधिकार, बालिग अधिकार आवधिक निर्वाचन पूर्ण प्रेस स्वतन्त्रता कानूनी राज्य मावन अधिकार समावेशी र समानुपातिक प्रतिनिधित्व जनताको प्रतिस्पर्धात्मक बहुदलीय संसदीय शासन प्रणालीमा आधारित लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रहंदै लोकतान्त्रिक गणतन्त्रको रक्षा एवं सुदृढीकरणमा लो घेकर दामोदरकुण्ड गाउँपालिका प्रतिबद्ध छ ।

यसै पृष्ठभूमिमा समृद्ध नेपाल सुखी नेपाली को लक्ष्य हासिल गर्न तय गरिएका अल्पकालिन, मध्यमकालिन तथा दीर्घकालिन लक्ष्य, पन्धौं राष्ट्रिय योजना, गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्य, अन्तर्राष्ट्रिय प्रतिबद्धता गाउँपालिकाका नागरिकका विकास चाहना जन निर्वाचित प्रतिनिधि मार्फत मुखरित जनभावना र विज्ञ तथा सरोकारवालाहरुले दिएका सुझावलाई समेत आत्मसात गरी उपलब्ध स्रोत साधनको अधिकतम र दक्षतापूर्वक उपयोग गर्दै लो घेकर दामोदरकुण्ड गाउँपालिकाले आर्थिक वर्ष २०७८/७९ का लागि तय गरेका प्रमुख नीति तथा कार्यक्रमहरु देहाय बमोजिम रहेका छन् ।



गाउँपालिका अध्यक्ष

१. कोभिड - १९ को विरुद्ध खोपको व्यवस्थापनको लागि गण्डकी प्रदेश सरकार, नेपाल सरकारसंग समन्वय गर्नुका साथै महामारीबाट बच्न सावधानीका लागि सचेतना, संक्रमण परीक्षण गर्नुका साथै संघ र प्रदेश तहबाट गरिने कार्यक्रममा सबलीकरण र सहयोग गरिनेछ । कोभिड - १९ संक्रमितको उपचारलाई प्रभावकारी बनाउन अत्यावश्यक स्वास्थ्य उपकरण, सामग्री तथा औषधिको व्यवस्था गरिनेछ । कोभिड - १९ को महामारीको लागि अग्रपक्तिमा रही उत्कृष्ट सेवा प्रदान गर्ने स्वास्थ्य कर्मीहरुलाई जोखिम भत्ताको व्यवस्था गरिनेछ ।

२. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णयानुसार यस गाउँपालिकामा आर्थिक वर्ष २०७८/७९ मा पाँच शैयाको आधारभूत अस्पताल निर्माण हुने भएको छ । आधारभूत अस्पताल निर्माण कार्य समयमै सम्पन्न गर्न नेपाल सरकारसंग निरन्तर समन्वय जारी राखिनेछ ।

३. कोभिड - १९ को विरामी; गर्भवती महिला र अन्य आकस्मित उपचार आवश्यक पर्ने विरामीको जीवन रक्षाको लागि अस्पतालसम्मको पहूँचलाई सुनिश्चित गर्न यातायातको साधनको व्यवस्था गरिनेछ ।

४. पूर्ण खोपयुक्त गाउँपालिकालाई दिगो राख्न सबै बालबालिकालाई खोप सेवा कार्यक्रम प्रभावकारी बनाइनेछ।

५. स्वास्थ्य सेवालाई प्रभावकारी व्यवस्थापनको लागि एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ ।

६. स्वास्थ्य चौकी नभएका वडाहरुमा स्वास्थ्य चौकी विस्तार गर्न नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गरिनेछ । वडा नं. ३ र ५ मा रहेको सामुदायिक स्वास्थ्य इकाईको सुदृढीकरणमा बजेट विनियोजन गरिनेछ ।

**अध्यक्ष महोदय,**

७. स्थानीय शिक्षा नीति कानून तथा मापदण्ड निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

८. गाउँपालिकाको केन्द्र रहेको चराङमा आवासीय विद्यालय निर्माणको लागि गण्डकी प्रदेश सरकारसंग विशेष पहल गरिनेछ ।

९. विद्यार्थीहरुको क्षमता पहिचान तथा विकास र सम्मानको लागि पढाइ मेला कार्यक्रम आयोजना गरिनेछ।

१०. प्रत्येक सामुदायिक विद्यालयमा मौलिक शिक्षा तथा सम्बोटा लिपिको पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ।



लोप्साङ छोम्फेल बिष्ट
गाउँपालिका अध्यक्ष

लोप्साङ छोम्फेल विष्ट
गाउँपालिका अध्यक्ष

११. विद्यालयको संस्थागत सुदृढीकरण गरिनेछ । नवप्रवर्द्धनात्मक कार्य तथा सृजनात्मक क्षमता प्रदर्शन गर्ने प्रतिभालाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

**अध्यक्ष महोदय,**

१२. गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको पहिचान गरी तिनको अभिलेखीकरण र संरक्षण गरिनेछ ।

१३. स्थानीय मौलिक संस्कृतिको जगेर्ना तथा संरक्षण गर्न विशेष पर्वहरुमा आयोजना गरिने महोत्सव कार्यक्रमहरुका लागि बजेट विनियोजन गरिनेछ ।

१४. गाउँपालिका क्षेत्रभित्रको प्रमुख पर्यटकीय गन्तव्यहरुमा पर्यटन पूर्वाधार विकास गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । साथै, पर्यटकीय क्षेत्रहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसार कार्यलाई तिब्रता दिइनेछ ।

१५. एकीकृत पर्यटकीय सूचना केन्द्र निर्माणको लागि विस्तृत आयोजना प्रतिवेदन तयार गरी पूर्वाधार निर्माणको प्रकृया अगाडि बढाइनेछ ।

१६. होमस्टेलाई व्यवस्थित एवं प्रभावकारी बनाई पर्यटक आकर्षण गर्न दर्ता भएका होमस्टेलाई पूर्वाधार निर्माणमा गाउँपालिकाद्वारा अनुदान प्रदान गरिनेछ ।

१७. गाउँपालिका क्षेत्रलाई मुस्ताङको मुख्य पर्यटकीय केन्द्रविन्दुको रुपमा विकास गरिनेछ । पर्यटन प्रोफाइल तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

१८. विश्वको एक मात्र स्थान अर्थात् यस लो घेकर दामोदरकुण्ड गाउँपालिका क्षेत्रमा पाइने गाउँपालिकाको धार्मिक सम्पदाको रुपमा रहेको शालीग्राम शिलाको संरक्षण तथा जगेर्ना गरी यसको धार्मिक महत्वको बारेमा विश्व समुदायलाई जानकारी दिने उद्देश्यले गाउँपालिकाको वडा नं. ५ स्थित ध्ये खोलामा एक शालीग्राम पार्क स्थापना गरिनेछ ।

१९. नेपाल सरकार, गण्डकी प्रदेश सरकार, स्थानीय प्रशासनसंग समन्वय गरी विपद्मा परेका पर्यटकलाई आकस्मिक उद्धार गरिनेछ ।

२०. कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण तथा व्यावसायीकरण मार्फत् उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ । स्याउ र आलुको निर्यात प्रबर्द्धन गर्न जोड दिइनेछ ।

२१. कृषकहरुको पहिचान तथा सम्मानको लागि नमुना कृषक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

(३)

लोप्साङ छोम्फेल विष्ट
गाउँपालिका अध्यक्ष

२२. कृषि उपजको व्यवस्थित बजारीकरणको लागि चिस्यान केन्द्र (Cold Store) निर्माण कार्य प्रारम्भ गरिनेछ।

२३. खेतीयोग्य सबै जमिनमा सिंचाइ सुविधा उपलब्ध गराउन पुराना सिंचाइ आयोजनाहरुको स्तरोन्नती तथा मर्मत संभार गरिनेछ ।

२४. कृषि उत्पादनलाई पर्यटनसंग आबद्ध गरी कृषि पर्यटनको विकास र प्रबर्द्धन गरिनेछ ।

२५. पशुपंक्षीजन्य उपजको व्यवस्थापनको लागि पशु वधस्थल स्थापना गरिनेछ । च्याङ्ग्राको व्यवस्थित बजारीकरणको लागि निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।

२६. च्याङ्ग्रामा देखापर्ने रोग नियन्त्रण गर्न पर्याप्त भ्याकसिनको पूर्व व्यवस्था गरी ल्याब परीक्षणबाट रोग पत्ता लगाउन प्रदेश सरकारसंग समन्वय गरिनेछ ।

**अध्यक्ष महोदय,**

२७. **अपागं सहायता कार्यक्रम** अन्तर्गत अपागंता भएका व्यक्तिहरुलाई आवश्यकताको आधारमा शारीरिक सहायता सामग्री हस्तान्तरण गरिनेछ ।

२८. हरेक क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैंगिक मूलप्रवाहीकरण तथा सारभूत लैंगिक समानता कायम गर्न आवश्यक कानून तर्जुमां गरिनेछ ।

२९. गाउँपालिका क्षेत्र भित्रका १६ वर्ष सम्मका बालबालिकाको बैंक खाता खोली बाल बचत कार्यक्रम कार्यान्वयनमा ल्याउन गाउँपालिकाले मासिक रु. २००।- सम्बन्धित बैंक खातामा जम्मा गर्ने सोही बराबरको रकम बालबालिकाको संरक्षकले समेत बैंक खातामा जम्मा गर्ने नीति लिइनेछ ।

३०. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत बेरोजगार युवाहरुलाई लक्षित गरी मागको आधारमा सीप विकास तालिम प्रदान गरी क्षमता विकास गरिनेछ । युवाहरुको सीप विकास, क्षमता अभिवृद्धि तथा व्यवसाय सञ्चालन सम्बन्धी कार्यक्रम सञ्चालन गरी स्वरोजगार प्रबर्द्धन गरिनेछ ।

३१. अन्तरस्थानीय तह, अन्तर विद्यालय तह तथा युवा क्लवहरुबीच मैत्रीपूर्ण खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिनेछ । खेलाडीको क्षमता विकास गर्न प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

३२. एक वडा एक खेलमैदान निर्माण कार्यक्रम आगामी आर्थिक वर्ष २०७८/७९ बाट कार्यान्वयनमा ल्याइनेछ



लोप्साङ छोम्फेल विष्ट
गाउँपालिका अध्यक्ष

अध्यक्ष महोदय,

३३. गाउँपालिकाको केन्द्र रहेको चराङमा विमानस्थल निर्माणको संभाव्यता वि.स. २०७६ सालमै भइसकेको छ । प्रस्तावित चराङ विमानस्थलको कार्य अगाडि बढाउन नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसंग सहकार्य तथा समन्वय गरिनेछ ।

३४. वडा कार्यालय र गाउँपालिका केन्द्र जोड्ने सडकलाई आगामी दुई वर्षभित्र स्तरोन्नती गरिनेछ ।

३५. वडा नं. ५ मा पर्ने ध्ये र ताङ्ग्या क्षेत्रमा बाहै महिना यातायात सञ्चालनयोग्य बनाई गाउँपालिका केन्द्रसंग जोड्न पक्की पुल निर्माणको लागि विशेष पहल गरिनेछ ।

३६. प्रत्येक गाउँबाट गाउपालिका केन्द्र जोड्ने सडक सञ्जालको मर्मत् संभार गरिनेछ ।

३७. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत कार्यान्वयनमा रहेको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी कार्यान्वियन गर्न बेरोजगार युवालाई अधिकतम परिचालन गरिनेछ ।

३८. लघु जलविद्युत आयोजनाहरुलाई राष्ट्रिय विद्युत प्रसारण लाइनमा आबद्ध गरी सबै घर परिवारमा विद्युत सेवाको आपूर्ति गरिनेछ ।

३९. वडा नं. ४ मा रहेको दामोदरकुण्डमा जाने तीर्थयात्री तथा पर्यटकलाई सञ्चार सम्पर्कमा जोडी सेवा सुविधालाई सजिलो बनाउन टेलिफोन टावर स्थापनाका लागि नेपाल टेलिकमसंग समन्वय गरिनेछ ।

४०. कर्मचारीहरुमा कामप्रति तत्पर हुने, सेवाभाव सहित समयमै काम सम्पन्न गर्ने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने कार्यसंस्कृतिको विकास गरिनेछ । गाउँपालिकामा कार्यरत कर्मचारीको क्षमता विकास तथा दक्षता अभिवृद्धि गर्न तालिम, अन्तर प्रदेश भ्रमण तथा विदा पर्यटनलाई प्रोत्साहन गरिनेछ ।

४१. विशेष परिस्थितिमा खट्ने कर्मचारीलाई उत्प्रेरणा जगाई प्रतिफल हासिल गर्न कर्मचारी प्रोत्साहन गर्ने नीति लिइनेछ दिइनेछ । यसका लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

४२. करार सेवामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप मासिक रु. २०००।- उपलब्ध गराउने गरी आगामी आर्थिक वर्ष २०७८/७९ को बजेटमा सम्बोधन गरिनेछ ।

४३. स्थानीय तहका पदाधिकारीको क्षमता विकास गरिनेछ ।

४४. गाउँपालिका क्षेत्रभित्रको राजश्वको स्रोत परिचालनको सम्भाव्यता अध्ययन गरी आन्तरिक स्रोत वृद्धि गरिनेछ ।

लोप्साङ छोम्फेल बिष्ट
गाउँपालिका अध्यक्ष

लो-घेकर दामोदरकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चराङ, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

लोप्साङ छोम्फेल बिष्ट
गाउँपालिका अध्यक्ष

४५. राजश्व संकलन तथा परिचालनलाई व्यवस्थित एवं प्रभावकारी बनाउन र अभिलेख गर्न विद्युतीय प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

४६. बजेट तर्जुमा गर्दा लैंगिक उत्तरदायी, जलवायुमैत्री र दिगो विकासमैत्री बजेट प्रणालीलाई अवलम्बन गरिनेछ । संघ, प्रदेश र स्थानीय तहबीच साझेदारीमा कार्यान्वयन गर्ने आयोजनालाई प्राथमिकता दिइनेछ ।

४७. स्थानीय विपदन व्यवस्थापन कोषमा रकम विनियोजन गरिनेछ । विपद्बाट घट्ने घटनालाई तत्काल सम्बोधन गर्न Disaster Rapid Response Team (DRRT) गठन गरिनेछ ।

४८. गाउँपालिकाको प्रथम पञ्चवर्षीय आवधिक विकास योजना, मध्यमकालिन खर्च संरचना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

४९. गाउँपालिका क्षेत्रको भुगोल, जनसांख्यिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदा, शिक्षा, स्वास्थ्य, कृषि, पशुपंक्षी, सडक, सञ्चार, विद्युत, खानेपानी, इन्टरनेट, सांस्कृतिक चाडपर्व, स्थानीय रीतिरिवाज, धर्म, भाषा आदि विषय समेटेर समग्र गाउँपालिकाको वस्तुस्थिति झल्किने गरी गाउँपालिकाको डिजिटल प्रोफाइल तयार गरिनेछ।

५०. स्थानीय जनता तथा पर्यटकलाई तत्काल उद्धार तथा राहत कार्यमा टेवा पुऱ्याउन आगामी आर्थिक वर्षमा गाउँपालिकाको केन्द्र रहेको वडा नं. १ स्थित चराङमा हेलिप्याड निर्माण गरिनेछ ।

५१. **उपभोक्ता समिति सम्मान कार्यक्रम** अन्तर्गत समयमा काम सम्पन्न गर्ने उपभोक्ता समितिलाई वर्षको उत्कृष्ट उपभोक्ता समिति घोषणा गरी सम्मान गरिनेछ । यसका लागि आवश्यक मापदण्ड निर्माण गरिनेछ ।

**श्रीमान् अध्यक्षज्यू,**

आर्थिक वर्ष २०७८/७९ का नीति तथा कार्यक्रमको कार्यान्वयनबाट गाउँपालिकाको समग्र विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु । यस नीति तथा कार्यक्रमको आधारमा गाउँ कार्यपालिकाले ल्याउने बजेटको कार्यान्वयनबाट गाउँपालिकाको समृद्धिमा टेवा पुग्ने अपेक्षा राख्दै जनप्रतिनिधि, राजनीतिक दलका स्थानीय प्रतिनिधि, विकास साझेदार, निजी क्षेत्र, राष्ट्र सेवक कर्मचारी, नागरिक समाज, गैर सरकारी क्षेत्र लगायत स्थानीय जनसमुदायको साथ र सहयोगको लागि आग्रह गर्दछु ।

धन्यवाद !

लो-घेकर दामोदरकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चराङ, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

लोप्साङ छोम्फेल बिष्ट
गाउँपालिका अध्यक्ष